नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# वैदेशिक रोजगार विभाग
ताहाचल, काठमाण्डौं।

मितिः २०८३।४।२१

## वैदेशिक रोजगारीमा जाने कामदारहरुको छनौट सम्बन्धी सूचना

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १६ मा वैदेशिक रोजगारीमा कामदार पठाउने पूर्व स्वीकृति प्राप्त भएपछि इजाजतपत्रवालाले कामदार छनौटको लागि कम्तीमा सात दिनको अवधि दिई नेपाली भाषाको कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका र आफ्नो वेबसाइटमा विज्ञापन प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ, सोही ऐनको दफा १७ मा निवेदन प्राप्त भएपछि माग भई आएको कामको प्रकृति अनुसार निवेदकको योग्यता तथा अनुभव र तोकिए बमोजिमको अन्य कुराका आधारमा इजाजतपत्रवालाले कामदारको छनौट गरी छनौट भएका व्यक्तिको सूची तयार गरी त्यस्तो सूची इजाजतपत्रवालाको कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्ने र सोको एक प्रति विभाग समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । साथै, वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १५ मा यसरी प्रकाशित विज्ञापनका आधारमा वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिले निवेदन दिने व्यवस्था रहेको छ र नियम १६ मा त्यस्ता निवेदकहरुमध्येबाट इजाजतपत्रवाला संस्थाले कामदार छनौट गर्ने आधारहरु तोकिएका छन् र सोको अतिरिक्त वैदेशिक रोजगार विभागले इजाजतपत्रवालालाई आवश्यक लिखित निर्देशन दिन सक्ने व्यवस्था समेत रहेको छ।

उल्लेखित कानूनी व्यवस्था बमोजिम इजाजतवाला संस्थाले वैदेशिक रोजगारी सम्बन्धी विज्ञापन गर्दा ७ दिनको म्याद दिई सूचना प्रकाशन गरेता पनि वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरुले प्रकाशित विज्ञापनका आधारमा वैदेशिक रोजगारीमा जान निवेदन दिन जाँदा कोटा सकिसकेको छ भनी अधिकांश इजाजतवाला संस्थाले फिर्ता गरी छनौट प्रकृयाबाट बन्चित गरेको गुनासो प्राप्त भएको छ। तसर्थ, वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्रवाला संस्थाले वैदेशिक रोजगारीमा पठाउन ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्दा सो अवधि भित्र निवेदन दिन आउने सबै निवेदकको निवेदन लिने व्यवस्था गरी सातौं दिन पश्चात सबै निवेदकहरुको एकमुष्ठ सूची सम्बन्धित इजाजतपत्रवाला संस्थाको वेवसाइटमा प्रकाशन गरेर मात्र छनौट प्रकृया शुरु गर्न र छनौट प्रकृयामा सबै निवेदकहरुलाई समावेस गराउन तथा यसरी छनौट प्रकृया पुरा भए पश्चात् छनौट नभएका व्यक्तिलाई छनौट नहुनुको कारण सहित जानकारी दिने व्यवस्था अनिवार्य रुपमा गर्नु गराउनुहुन सम्वन्धित सवैलाई सूचित गरिन्छ ।

०८३।४।२१

शाखा अधिकृत

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606